# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला दोलखा, मेलुङ गाउँपालिका, वडा नं. १ का वडाध्यक्षसमेतले मृत्यु भईसकेका व्यक्तिको किर्ते सहीछाप गरी सामाजिक सुरक्षा भत्ता बापतको रकम निकाली हिनामिना गरेकोले कारवाही गरी पाउँ भन्नेसमेत व्यहोराको प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला दोलखा, मेलुङ गाउँपालिका, वडा नं. १ बाट आ.व. २०७३।०७४, आ.व. २०७४।०७५ र आ.व. २०७५।०७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा मृत्यु भईसकेका १४ जना लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वितरण भरपाईको सक्कल कागजातमा लाभग्राहीको दस्तखत/औंठाछाप हुने खण्डमा मेलुङ गाउँपालिका, वडा नं. १ का वडाध्यक्ष इश्वर कोईरालाले आ.व. २०७५।०७६ को सामाजिक सुरक्षा भत्ता, दोस्रो किस्ता वितरण भरपाईसहितको सरकारी निकायको कागजात गैरकानूनी तवरबाट सच्याई थपघट गरी लाभग्राहीको हस्ताक्षरको महलमा बदनियतपूर्वक आफ्नो दायाँ हातको बुढी औंलाको औंठाछाप थान-१ (एक) लगाई रु.८,०००।— (आठ हजार रुपैयाँ) रकम भुक्तानी लिएको, वडा नं. १ वडा कार्यालयका कार्यालय सहायक दल बहादुर थापाले आ.व. २०७३।०७४ को दोस्रो र तेस्रो चौमासिक, आ.व. २०७४।०७५ को दोस्रो चौमासिक, आ.व. २०७५।०७६ को प्रथम, दोस्रो र तेस्रो चौमासिक अवधिको सामाजिक सुरक्षा भत्ता वितरण भरपाईसहितको १० जना लाभग्राहीको हस्ताक्षरको महलमा आफ्नो दायाँ हातको माझी औंला थान-३ (तीन), दायाँ हातको बुढी औंला थान -९ (नौ) र दायाँ हातको साईली औंला थान -१ (एक) गरी जम्मा १३ (तेह्र) थान औंठाछाप लगाई रु.१,००,०००।—(एक लाख रुपैयाँ) रकम भुक्तानी लिएको र वडा नं. १ वडा कार्यालयका तत्कालीन वडा सचिव/खरिदार विनय उप्रेतीले आ.व. २०७५।०७६ को दोस्रो चौमासिक अवधिको सामाजिक सुरक्षा भत्ता, दोस्रो किस्ता वितरण भरपाईसहितको लाभग्राहीहरुको हस्ताक्षरको महलमा आफ्नो बायाँ हातको बुढी औंलाको औंठाछाप थान-८ (आठ) लगाई रु.६४,०००।— (चौसठ्ठी हजार रुपैयाँ) रकम भुक्तानी लिएको पुष्टि भएको हुँदा उल्लिखित प्रतिवादीहरु मेलुङ गाउँपालिका, वडा नं. १ का वडाध्यक्ष इश्वर कोईराला, तत्कालीन वडा सचिव/खरिदार बिनय उप्रेती र कार्यालय सहायक दल बहादुर थापाले सामाजिक सुरक्षा भत्ता वितरणको सक्कल भरपाई अभिलेख (सरकारी कागजात) मा मृत्यु भईसकेका तर अभिलेखमा लगत कट्टा नभएका लाभग्राहीहरुको हस्ताक्षरको महलमा बदनियतपूर्वक आफ्नो विभिन्न औंलाको औंठाछाप लगाई लाभग्राहीहरुले पाउने रकम आफै भुक्तानी लिई गैरकानूनी तरिकाले सरकारी कागजात सच्याउने, केरमेट गर्ने, थपघट गर्ने, हेरफेर गरी सार्वजनिक सम्पत्तिको हिनामिनासमेत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १७ बमोजिमको कसूर गरेको पुष्टि भएकोले देहायका प्रतिवादीहरुलाई देहायबमोजिमको सजाय हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | जिल्ला दोलखा, मेलुङ गाउँपालिका, वडा नं. १ का वडाध्यक्ष **इश्वर कोईराला** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा |

| | | |
|---|---|---|
| | | (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला दोलखा, मेलुङ गाउँपालिका, १ नं. वडा कार्यालयका तत्कालीन वडा सचिव **बिनय उप्रेती** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरेवमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | जिल्ला दोलखा, मेलुङ गाउँपालिका, १ नं. वडा कार्यालयका कार्यालय सहायक **दल बहादुर थापा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरमा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने